"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
सूर्योदय नगरपालिका
SURYODAYA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

प.सं.२०८१/०८२
च.नं.

**लैङ्गिक हिंसा पीडित सेवा केन्द्र सञ्चालनका लागि आह्वान गरिएको सम्बन्धमा।**

सूर्योदय नगरपालिका, वडा नं. ७ स्थित लैङ्गिक हिंसा पीडित सेवा केन्द्र सञ्चालन गर्न विगतमा शक्ति समूह नेपालसँग सम्झौता भएकोमा हाल उक्त सम्झौताको अवधि समाप्त भएकोले सो कार्यलाई निरन्तरता दिन सूर्योदय नगरपालिकाको नगरस्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समितिको मिति २०८२।०५।१६ गतेको निर्णयानुसार इच्छुक सङ्घ/संस्थाहरूलाई सम्झौताका लागि आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

**आवश्यक मापदण्ड:**

१. सङ्घ/संस्था नेपाल सरकारको सम्बन्धित निकायमा विधिवत् दर्ता भएको हुनुपर्ने।
२. मानव बेचबिखन तथा लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी कार्यमा कम्तीमा ३ वर्षको अनुभव भएको।
३. प्रस्तावित कार्यक्रमको स्पष्ट कार्ययोजना र बजेट विवरण पेश गर्नुपर्ने।
४. सूर्योदय नगरपालिकाको स्थानीय आवश्यकता र प्राथमिकतासँग मेल खाने कार्ययोजना भएको।
५. सङ्घ/संस्थाको वार्षिक लेखापरीक्षण प्रतिवेदन र संस्थागत प्रोफाइल पेश गर्नुपर्ने।

**आवेदन पेश गर्ने प्रक्रिया:**

- इच्छुक सङ्घ/संस्थाले आफ्नो प्रस्ताव सिलबन्दी खाममा सूर्योदय नगरपालिकाको कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा, फिक्कल, इलाममा पेश गर्नुपर्नेछ।
- प्रस्ताव पेश गर्ने अन्तिम मिति: २०८२ साल असोज ०२ गते, कार्यालय समयभित्र।
- प्रस्तावमा सङ्घ/संस्थाको विस्तृत विवरण, कार्ययोजना, बजेट, र सम्बन्धित कागजात संलग्न गर्नुपर्ने।
- थप जानकारीका लागि सूर्योदय नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ (सम्पर्क नं.: 9842647496, तारा शेर्पा)।

**नोट:**

- नगरपालिकाले प्राप्त प्रस्तावहरूको मूल्याङ्कन गरी उपयुक्त सङ्घ/संस्थासँग सम्झौता गर्नेछ।
- अपूर्ण वा ढिलो प्राप्त प्रस्तावहरू स्वीकार गरिने छैन।
- आवेदक सङ्घ/ संस्थाहरूसँग नगरपालिकाले आवश्यक वार्ता गरी पुनस्थापना केन्द्र सञ्चालन गर्न सक्नेछ।
- यो आह्वान प्रक्रिया रद्द गर्ने वा परिमार्जन गर्ने अधिकार सूर्योदय नगरपालिकासँग सुरक्षित छ।

तारा शेर्पा
अधिकृत छैटौं

**मिति:** २०८२ साल भाद्र १७ गते